आज मिति २०८२ साल कार्तिक २८ गते शुक्रबारका दिन भानु नगरपालिका, नगर कार्यपालिकाको आ.व.२०८२/०८३ को चौथो बैठक नगर प्रमुख श्री आनन्द राज त्रिपाठी ज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा बस्यो ।

उपस्थितिः

१. श्री आनन्द राज त्रिपाठी (नगर प्रमुख)
२. श्री उमा गोतामे (उप प्रमुख)
३. श्री ध्रुवराज पौडेल नि.प्रमुख प्रशासकीय अधिकृत (सचिव)
४. श्री कान्छीमाया तामाङ (वडाध्यक्ष १ नं.वडा)
५. श्री केशवराज त्रिपाठी (वडाध्यक्ष २ नं.वडा)
६. श्री तुल कुमार गुरुङ्ग (वडाध्यक्ष ३ नं.वडा)
७. श्री अर्जुन बहादुर बोहोरा (वडाध्यक्ष ४ नं.वडा)
८. श्री नहकुल अधिकारी (वडाध्यक्ष ५ नं.वडा)
९. श्री धिरेश खनाल (वडाध्यक्ष ६ नं.वडा)
१०. श्री खुम प्रसाद श्रेष्ठ (वडाध्यक्ष ७ नं.वडा)
११. श्री ईश्वर बहादुर घिमिरे (वडाध्यक्ष ८ नं.वडा)
१२. श्री मिन बहादुर गुरुङ्ग (वडाध्यक्ष ९ नं.वडा)
१३. श्री हरिहर उप्रेती (वडाध्यक्ष १० नं.वडा)
१४. श्री विमलराज जोशी (वडाध्यक्ष ११ नं.वडा) (रोम प्रसाद अधिकारी, वडा सदस्य)
१५. श्री बेल बहादुर अधिकारी (वडाध्यक्ष १२ नं.वडा)
१६. श्री कृष्ण बहादुर अधिकारी (वडाध्यक्ष १३ नं.वडा)
१७. श्री विन्दा रानाभाट (का.पा. सदस्य)
१८. श्री धन बहादुर वि.क. (का.पा. सदस्य)
१९. श्री प्रविना थापा मगर (का.पा. सदस्य)
२०. श्री रविन भुजेल (का.पा. सदस्य)
२१. श्री राजु सुर्खाली (का.पा. सदस्य)
२२. श्री सावित्री सुनार (का.पा. सदस्य)
२३. श्री सकिना खातुन (का.पा. सदस्य)
२४. श्री शान्ता कुमारी मिजार लम्साल (का.पा. सदस्य)

अन्य उपस्थितिः

२५. श्री सुनिल पाण्डे (वरिष्ठ प्रशासकीय अधिकृत)
२६. श्री राजिब घिमिरे (सूचना प्रविधि अधिकृत)
२७. श्री अमित लामा (३ नं. वडा सदस्य)
२८. श्री विपिन श्रेष्ठ (इन्जिनियर)

भानु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फुर्सेटार, तनहुँ
नेपाल

## भानु नगरपालिका, नगर कार्यपालिकाको मिति २०८२/०७/२८ गते बसेको आ.व.२०८२/०८३ को चौथो बैठकका प्रस्ताव तथा निर्णयहरुः

**प्रस्तावः-**

१. आ.व. २०८२/०८३ तेस्रो बैठकको समीक्षा सम्बन्धमा ।

२. काउरेटार खेलमैदानको विस्तृत परियोजना प्रतिवेदन (DPR) निर्माण सम्बन्धमा ।

३. स्वागत गेटको Design सम्बन्धमा।

४. स्वयमसेवक शिक्षक सम्बन्धमा ।

५. मर्स्याङ्दी नदि अन्तरगतका घाटको पुनःबोलपत्र सम्बन्धमा।

६. सुशासन समितिको सिफारिस सम्बन्धमा।

७. बर्षाको कारण क्षेती भएको धानवाली सम्बन्धमा।

८. लक्ष्मी बचत तथा ऋण सहकारी समस्या सम्बन्धमा ।

९. निर्माण व्यवसायी स्थानन्तरण सम्बन्धमा।

१०. MBBS अध्ययनरत विद्यार्थीका लागि छात्रवृत्ति अनुदान सम्बन्धमा ।

११. वडा नं १ को छात्रवृति सम्बन्धमा।

१२. विविध

क. नवप्रवर्तन कार्यक्रम

ख. सूचना प्रविधि अधिकृतलाई सातौं तह कायम

ग. नगर शिक्षा समिति सदस्य मनोनयन सम्बन्धमा

**निर्णय नं.१** भानु नगरकार्यपालिकाको मिति २०८२/०६/२४ गते बसेको आ.व. २०८२/०८३ को तेस्रो कार्यपालिका बैठकको निर्णयहरुको समीक्षा गरियो । उक्त बैठको निर्णय नं. ५ विविध विषयको ङ, ज, झ, ढ को कार्यान्वयन चरणमा रहेको बाँकि निर्णय कार्यान्वय भएको पाइयो।

**निर्णय नं.२** प्रस्ताव नं २ माथि छलफल गर्दा राष्ट्रिय खेलकुद परिषद त्रिपुरेश्वर काठमाडौंको च नं ६९ मिति २०८२।०४।१९ को प्राप्त पत्रानुसार चालु आव २०८२।०८३ मा संघीय सरकारबाट भानु नगरपालिका वडा नं ९ स्थित काउरेटार खेलमैदानमा काउरेटार कभर्डहल निर्माणका लागि रु ३ करोड बजेट विनियोजन भएको, सोको कार्यान्वयनका लागि स्थानीय भानु नगरपालिकाबाट उक्त कभर्डहल निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन (DPR) निर्माण गरी राष्ट्रिय खेलकुद परिषदमा पठाउनुपर्ने भएकोले डिपिआर निर्माण प्रक्रियालाई अविलम्ब छोटो प्रक्रिया (Fast track) अपनाई अघि बढाउने र डिपिआर निर्माण गर्दा भानु नगरपालिका ९ नम्बर वडा समिति तथा सरोकारवालाहरुको संयुक्त बैठकले गरेको निर्णय र सिफारिस अनुसार देहायबमोजिमका संरचनाहरु भएको बहुउद्देश्यीय कभर्डहल र सुविधासम्पन्न खेलमैदान निर्माण गर्ने निर्णय गरियो ।



प्र.प्रमुख प्रशासकीय अधिकृत

२०८२/०७/२८

आनन्द राज त्रिपाठी
प्रमुख

भानु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फुङ्सेटार, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

तपशिल

१. बहुउद्देश्यीय कभर्डहल अन्तर्गत बन्ने संरचनाहरु

क) भलिबल कोर्ट ख) फुटसल कोर्ट ग) कबड्डी कोर्ट घ) बास्केटबल कोर्ट ङ) टेबलटेनिस कोर्ट च) व्याडमिन्टन कोर्ट छ) जुडो, करातेँ,उसु र बक्सिङ कोर्ट

ज) दर्शक प्यारापिट झ) शौचालय र खानेपानी

२. फुटवल मैदान (दौड ट्र्याक सहित)

३. कार्यक्रम सञ्चालन मञ्च निर्माण

४. मैदानको प्यारापिट

५. खेलमैदान सम्मको पहुँच मार्ग (२०० मिटर)

६. खानेपानी व्यवस्थापन

७. खेलमैदानको पक्की कम्पाउण्ड

साथै माथिका सबै संरचना निर्माण गर्नका लागि चालु आ.व.मा तोकिएको बजेट अपुग हुने भएकोले यस परियोजनालाई पञ्चवर्षीय आयोजनाको रुपमा अघि बढाउन र सोको स्रोत सुनिश्चितताका लागि राष्ट्रिय खेलकुद परिषद् मार्फत् राष्ट्रिय योजना आयोग तथा अर्थ मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

<u>निर्णय नं.३</u> प्रस्ताव नं ३ माथि छलफल गर्दा भानु नगरपालिकाको स्वागत गेटको Design भानु नगरपालिका पूर्वाधार शाखाले गर्ने निर्णय गरियो।

<u>निर्णय नं.४</u> प्रस्ताव नं ४ माथि छलफल गर्दा सामुदायिक विद्यालयमा कार्यरत महिला शिक्षक सुत्केरी हुँदा प्रजनन स्वास्थ्य सम्बन्धी ऐन २०७५ बमोजिम निजहरुले ९८ दिन तलबी सुत्केरी बिदा पाउने भएकोले उक्त अवधिका लागि पठनपाठनमा बाधा नपुगोस् र कक्षा सुचारु होस् भन्ने उद्देश्यले भानु नगरकार्यपालिकाले विद्यालयमा स्वयमसेवक शिक्षक परिचालन कार्यविधि, २०७९ जारी गरी उक्त अवधिका लागि आन्तरिक स्रोतबाट खर्च व्यहोर्ने गरी स्वयमसेवक शिक्षक नियुक्ति गरी पठाउने व्यवस्था भएको, हालसालै नेपाल सरकारले स्वीकृत दरबन्दी बाहेकका पदहरुमा नयाँ कर्मचारी नियुक्ति नगर्ने तथा अनावश्यक खर्च कटौती गरी मितव्ययिता अपनाउने भन्ने परिपत्र जारी गरेको सन्दर्भमा विद्यालयमा स्वयमसेवक शिक्षक व्यवस्थापनका लागि भानु नगरपालिका शिक्षा नियमावली २०७८ मा व्यवस्था भएको, सो सम्बन्धी आन्तरिक कार्यविधिसमेत जारी भएको, यसका लागि भानु नगरपालिकाको आन्तरिक स्रोतबाट बजेट विनियोजन गरिएको तथा विद्यालयको पठनपाठन सुचारु गर्नका लागि स्वयमसेवक शिक्षक नियुक्ति तथा परिचालनको काम अत्यावश्यक देखिएको हुँदा यस कार्यलाई पूर्ववत् रुपमा सुचारु गर्ने निर्णय गरियो ।



प्र.प्रमुख प्रशासकीय अधिकृत

आनन्द राज त्रिपाठी
प्रमुख

भानु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दुलेगौंडा, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

<u>निर्णय नं. ५</u> प्रस्ताव नं ५ माथि छलफल गर्दा

(क) कार्यपालिकाको मिति २०८२/०६/२४ गतेको बैठकबाट मर्स्याङ्दी नदि अन्तर्गतका तोकिएका १० वटा घाटहरुबाट नदिजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा) संकलन, उपयोग र विक्री वितरणका लागि स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा उल्लेखित उत्खनन् योग्य परिमाण र विक्रि वितरणको अनुमति दिई आय ठेक्का आव्हान गर्न कार्यालयको मिति २०८२/०६/२९ को निर्णय अनुसार मिति २०८२/०७/०२ गते गोरखापत्र राष्ट्रिय दैनिकमा बिस लाख भन्दा माथिको एउटा घाटको लागि तिस दिन र बिस लाख भन्दा कम रकम भएका नौ वटा घाटलाई पन्ध्र दिनको समय अनुसार अनलाईन तथा हार्डकपि माध्यममा सूचना प्रकाशन भएकोमा मिति २०८२/०७/१७ गते दुबै माध्यमको बोलपत्र खोली हेर्दा बिस लाख भन्दा कमका बोलपत्रको लागि एउटा पनि बोलपत्र नपरेको हुदाँ तपसिलको चार वटा घाटको ठेक्काको पुनः सूचना प्रकाशित गरी बोलपत्र आव्हान गर्ने निर्णय गरियो।

| क.सं. | घाटको नाम, ठेगाना | स्वीकृत IEE प्रतिवेदन बमोजिम उत्खनन् योग्य परिमाण (घ.मी.) | जम्मा रकम रु (TDS र मू.अ.कर. बाहेक) | कैफियत |
|---|---|---|---|---|
| १. | बुडुवा घाट, भानु-२ | ४५०० | १२,२३,६६४.७५ | |
| २. | ढुकुर्दी घाट, भानु-३ | २९२५ | ७,९५,३८२.०९ | |
| ३. | लखुढुंगा घाट, भानु ९ र १० | १४०० | ३,८०,६९५.७० | |
| ४. | रयाले घाट, भानु-१० | २५८७ | ७,०३,४७१.२७ | |

- आम्बोटे, अँधेरी, बेनी घाटको बोलपत्र परेको अनुसार बोलपत्रहरुको मूल्याङ्कन समितिले मूल्याङ्कन गरे बमोजिम रितपूर्वक अधिकतम मूल्यङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्र दाताहरुलाई प्रदान गर्ने निर्णय गरियो । कुर्कुनाघाट, भानु-३ र बलीफाँट घाट भानु-८ को मूल्याङ्कन समितिले मूल्याङ्कन गर्दा रितपूर्वक आवश्यक कागजात नपुगेको हुदाँ उक्त घाटहरुको बोलपत्र रद्द गर्ने निर्णय गरियो।

(ख) कुर्कुनाघाट, भानु-३ र बलीफाँट घाट भानु-८ को पुनः बोलपत्र आव्हान नगरी उल्लेखित घाटहरु बाहेक कुर्कुनाघाट, भानु-३ र बलीफाँट घाट भानु-८ को हकमा डुम्रे बेशिशहर र चामे सडक योजना, बेशिशहर लमजुङको च.नं. ९५ मिति २०८२/७/२१ को अनुरोध बमोजिम ढुङ्गा, गिटि, बालुवा उत्खनन बिक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ को दफा १२ मा भएको व्यवस्था बमोजिम उक्त योजना प्राथमिकता प्रास योजना भएको तथा सडकको IEE प्रतिवेदन सडक निर्माणका लागि आवश्यक पर्ने निर्माण सामाग्री (नदिजन्य पदार्थ)को सम्भाव्य श्रोत मर्स्याङ्दी नदिका विभिन्न क्षेत्रहरु उल्लेख समेत भएको ब्यहोराका आधार तथा सोहि योजना अन्तरगतको ठेक्का नं. DBCRP/337011214/081/082-06, widening of Dumre Beshishar Road from Chainage from 8+300 to 17+200, Tanahun District का निर्माण व्यवसायी श्री पि.के. निर्माण सेवा प्रा.लि. लाई तोकिएको अधिकतम परिमाण भन्दा नबढ्ने गरि मिति २०८२/०७/१७ गते भएको Bid रकममा नघट्ने गरि देहायका कार्यशर्त तथा मापदण्डहरुको अधिनमा रहि अनुमति प्रदान गर्ने निर्णय गरियो।



प्र.प्रमुख प्रशासकीय अधिकृत

आनन्दराज त्रिपाठी
२०८२/०८/२८
आनन्द राज त्रिपाठी
प्रमुख

भानु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फुङ्सेटार, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

## १. उत्खनन तथा घाटगद्दी सम्बन्धी शर्तहरू

| क.सं. | शर्त/मापदण्डको विवरण | टिप्पणी/व्यवस्था |
|---|---|---|
| १.१ | उत्खनन स्थल (घाटगद्दी क्षेत्र) | मर्स्याङ्दी नदीको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) वा वातावरणीय प्रभाव मूल्यांकन (EIA) प्रतिवेदनले तोकेको सिमांकन भित्र मात्र। |
| १.२ | उत्खननको अवधि (समय-सीमा) | उत्खनन अनुमति प्राप्त गरेको मितिदेखि ६ महिना भित्र निर्माण कार्यको आवश्यकता अनुसार सम्पन्न गरिसक्नु पर्ने वा घाटगद्दी गरिसक्नु पर्ने |
| १.३ | उत्खननको परिमाण | मर्स्याङदी नदी घाटको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तोकेको परिमाणमा नबढ्ने गरी उत्खनन गर्नुपर्नेछ। यो परिमाण आयोजनाको विस्तृत प्रतिवेदन (DPR) मा उल्लेखित परिमाणको आधारमा प्रमाणित हुनुपर्नेछ। |
| १.४ | उत्खननको समय | बिहान ७ बजे बजेदेखि साँझ ६ बजेसम्म मात्र, र रात्रिको समयमा उत्खनन गर्न नपाइने। |
| १.५ | उत्खननको प्रविधि | नदीको प्राकृतिक वहाव र संरचनामा असर नपर्ने गरी, वातावरणमैत्री र परम्परागत औजारको प्रयोग गरी गर्नुपर्ने। ठूला एक्साभेटर बाहेक साना व्याक हो लोडर/डोजरको मात्र प्रयोग गर्ने निश्चित बिधि, प्रक्रिया र अवधिमा मात्र गराउन बाधा नपर्ने |
| १.६ | घाटगद्दी स्थान | उत्खनन गरिएको नदीजन्य पदार्थ तत्काल सडक निर्माण स्थलमा प्रयोग गर्नुपर्ने वा योजना कार्यालयले भानु नगरपालिकाको सहमतिमा तोकेको घाटगद्दी स्थानमा अस्थायी रुपमा घाटगद्दी गर्नुपर्नेछ। |
| १.७ | राजस्व दस्तुर | कम्पनीले नगरपालिकाले तोकेको दररेट अनुसारको उत्खनन तथा बिक्री दस्तुर राजस्व शीर्षकमा नियमानुसारको रकम भानु नगरपालिकालाई अग्रिम वा किस्तामा (सम्झौता अनुसार) तिर्नुपर्नेछ। |

प्र.प्रमुख प्रशासकीय अधिकृत

आनन्द राज त्रिपाठी
प्रमुख

भानु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फुङ्वेटार, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

२. वातावरणीय सन्तुलन तथा व्यवस्थापनका शर्तहरू

| क्र.सं. | शर्त/मापदण्डको विवरण | टिप्पणी/व्यवस्था |
|---|---|---|
| २.१ | उत्खननको गहिराई | उत्खनन कुनै पनि अवस्थामा नदीको सतहदेखि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) उल्लेख भन्दा बढी गहिरो हुन नहुने, र पुलको ५०० मिटर वरिपरि उत्खनन गर्न पूर्णतः निषेध गरिनेछ। |
| २.२ | नदीको वहाव | उत्खनन कार्यले नदीको प्राकृतिक वहावलाई कुनै पनि किसिमले छेक्न, मोड्न वा प्रभावित गर्न नहुने। |
| २.३ | जैविक विविधता संरक्षण | उत्खनन स्थल वरपर रहेका वन क्षेत्र, कृषि योग्य जमिन, मानव बस्ती र जैविक विविधतामा कुनै नकारात्मक असर पर्न नदिने। |
| २.४ | ढुवानी व्यवस्थापन | ढुवानीका सवारी साधनले ढुवानी गरिएको सामग्रीलाई तिरपालले छोप्नुपर्ने र नगरपालिकाले तोकेको निश्चित मार्ग मात्र प्रयोग गर्नुपर्ने। |
| २.५ | वातावरण पुनःस्थापना | उत्खनन कार्य सम्पन्न भएपछि उत्खनन गरिएको क्षेत्रको भूसंरचनालाई पहिलेकै अवस्थामा फर्काउने (रिह्याबिलिटेशन) व्यवस्था मिलाउनु पर्नेछ। |

३. अनुगमन, प्रमाणीकरण र प्रयोगको व्यवस्था

| क्र.सं. | शर्त/मापदण्डको विवरण | टिप्पणी/व्यवस्था |
|---|---|---|
| ३.१ | प्रमाणीकरण | उत्खनन भएको नदीजन्य पदार्थको परिमाण नापजाँच तथा प्रमाणित गर्न भानु नगरपालिकाको प्राविधिक टोली र सडक योजना कार्यालयको प्रतिनिधि सम्मिलित संयुक्त टोली गठन गरिनेछ। |
| ३.२ | उपयोगको शर्त | उत्खनन गरिएका सम्पूर्ण पदार्थ अनिवार्य रुपमा डुम्रे-बेशीशहर-चामे सडक योजनाको निर्माण कार्यमा मात्र प्रयोग गर्नुपर्नेछ। अन्यत्र बिक्री वा व्यावसायिक प्रयोजनमा प्रयोग गर्न पूर्णतः निषेध गरिनेछ। |
| ३.३ | अनुगमन | नगरपालिकाको स्थानीय अनुगमन समिति एव प्रशासनतथा राजस्व शाखा ले उत्खनन |



प्र.प्रमुख प्रशासकीय अधिकृत

२०८२।०८।२८
आनन्द राज त्रिपाठी
प्रमुख

भानु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फुस्रेटार, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

| क्र.सं. | शर्त/मापदण्डको विवरण | टिप्पणी/व्यवस्था |
|---|---|---|
| | | प्रक्रिया र शर्तहरूको पालनाको **नियमित अनुगमन** गर्नेछ। अनुगमनमा कुनै शर्त उल्लङ्घन भएको पाइएमा तुरुन्त काम रोक्ने र नियमानुसार जरिवाना गर्ने अधिकार सो समिति तथा कार्यालयलाई हुनेछ। |
| ३.४ | अन्तिम प्रतिवेदन | योजना सम्पन्न भएपछि, उत्खनन गरिएको **परिमाण, प्रयोग भएको स्थान र वातावरण पुनःस्थापना सम्बन्धी अन्तिम प्रतिवेदन** सडक योजना कार्यालयले अनिवार्य रुपमा नगरपालिकामा पेश गर्नुपर्नेछ। |

निर्णय नं. ६ प्रस्ताव नं ७ माथि छलफल गर्दा बर्षाको कारण क्षेती भएको धानवालीको तथ्याङ्क एकिन गरि स्थानीय विपद व्यवस्थापन समितिले जिल्ला विपद व्यवस्थापन समिति र कृषि ज्ञान केन्द्रमा क्षतिपूर्तिको लागि सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं.७ प्रस्ताव नं ८ माथि छलफल गर्दा लक्ष्मी बचत तथा ऋण सहकारी समस्या ग्रस्त रहेको निवेदन प्राप्त भएकोले विज्ञ सहित CA नियुक्ति गरि छानविन प्रतिवेदन तयार गर्न लगाउनुका साथै नेपाल प्रहरीलाई आवश्यक अनुसन्धान तथा कारवाहीका लागि कार्यालयमा उपलब्ध विवरण र कागज प्रमाण सहित पठाउने निर्णय गरियो ।

निर्णय नं.८ प्रस्ताव नं ९ माथि छलफल गर्दा डेजी कन्स्ट्रक्सन निर्माण सेवा बन्दिपुर गाउँपालिका, वडा नं. ४ बाट भानु न.पा. वडा नं. १ मा कार्यालय रहने गरी स्थानान्तरणको सिफारिस बन्दिपुर गाउँ कार्यपालिकाको कार्यालयबाट भई आएबमोजिम उक्त निर्माण सेवाको कार्यालय वडा नं. १, भानु नगरपालिका कायम गर्ने निर्णय गरियो।

निर्णय नं.९ प्रस्ताव नं १० माथि छलफल गर्दा भानु नगरपालिकाद्वारा जारी MBBS अध्ययनका लागि छात्रवृत्ति वितरण कार्यविधि, २०८१ को दफा ८ बमोजिमको छात्रवृत्ति छनोट तथा सिफारिस समितिले स्वीकृतिका लागि पेश गरेका देहाय बमोजिमका भानु नगरवासी एम वि वि एस अध्ययनरत विद्यार्थीहरुको नाम अनुमोदन गर्ने निर्णय गरियो ।

तपशिलः

क) श्री निश्चल रावल भानु १०
ख) श्री नवीन ढकाल भानु १२
ग) श्री निसान अधिकारी भानु ११
घ) श्री सागर खड्का भानु १०

आनन्द राज त्रिपाठी
प्रमुख



प्र.प्रमुख प्रशासकीय अधिकृत

भानु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पुरानोटार, तनहुँ
गण्डकी प्रदेश, नेपाल

निर्णय नं.१० प्रस्ताव नं ११ माथि छलफल गर्दा वडा नं. १ को आ.व. २०८२/०८३ का लागि विनियोजित शिक्षा, स्वास्थ्य, खेलकुद विविध शिर्षकको रु. २,२५,०००/- मध्येबाट भानु न.पा. वडा नं. १ बस्ने चिज कुमार/विष्णु कुमारी क्याम्पसका जेहन्दार विद्यार्थी सुनिल कुमाललाई छात्रवृत्ति वापत रु. २४९७५/- उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.११ विविध

क. नवप्रवर्द्धन कार्यक्रम

आ.व २०८२/०८३ को वार्षिक स्विकृत **कृषिमा रुपान्तरण, आर्थिक विकास र सेवा प्रवाहमा सुचना प्रविधिको प्रयोग परियोजना (VANOO PROJECT)** संचालन गर्नका लागि लाभग्राही छनोट गर्ने उदेश्यले मिति २०८२/०४/१९ गतेको प्रकाशित सुचनामा तोकिएको म्याद भित्र पर्याप्त निवेदन पेश नभएकोले मिति २०८२/०५/०३ गते पुनःसूचना प्रकाशित गरिएको थियो। उक्त पुनः प्रकाशित सूचनामा तोकिएको समयावधिभित्र प्राप्त निवेदकहरुको मूल्यांकन गर्दा आवश्यक योग्यता पुर्याएका संस्थाहरुले मात्र प्रस्ताव पेश गरेको देखिन आएकोले प्राप्त निवेदनहरु मध्य देहाय वमोजिमको संस्थाहरुलाई परीयोजना संचालनका लागि छनोट गरी सन्झौता तथा कार्यान्वयन प्रक्रिया अगाडि बढाउने निर्णय गरीयो।

| क.स | संस्थाको नाम | कार्यक्रमको नाम | कैफियत |
|---|---|---|---|
| १. | भानु कृषि सहकारी संस्था र देउराली कृषक समूह, भानु-८ | तोरी उत्पादन औजार उपकरणमा साझेदारी कार्यक्रम(पकेट निर्माण), गोला सहितको मौरी घार सहयोग(पकेट क्षेत्रका किसान) | |
| २. | सिर्जनशिल कृषक समूह, भानु-१२ | साग उत्पादन औजार उपकरणमा साझेदारी कार्यक्रम(पकेट निर्माण), उत्पादनमा आधारीत अनुदान सहयोग(साग), गुन्द्रुक भण्डारण तथा प्रशोधन केन्द्र स्थापना, गुन्द्रुक भण्डारण तथा प्रशोधन केन्द्रको विधुत जडान तथा संचालन खर्च, गुणस्तर प्रमाणिकरण व्यवस्थापन सहयोग(साग), गुन्द्रुक प्याकेजिङ सहयोग | |
| ३. | मनास्लु प्राकृतिक हरियाली कृषक समूह, भानु-१० | निवुवा उत्पादन सामाग्री साझेदारी कार्यक्रम(पकेट निर्माण), चुक अमिलो भण्डारण तथा प्रशोधन केन्द्र स्थापना, उत्पादनमा आधारित अनुदान सहयोग (निवुवा), चुक अमिलो भण्डारण तथा प्रशोधन समाग्री सहयोग | |
| ४. | थानीमाई खाद्यान्न मिल, भानु-१ | गुणस्तर प्रमाणिकरण व्यवस्थान सहयोग(तोरी), भानुको भुटेको तोरीको तेल प्याकेजिङ | |

प्र.प्रमुख प्रशासकीय अधिकृत

आनन्द राज त्रिपाठी
प्रमुख

| | | | |
|---|---|---|---|
| ५. | श्री रुपाकोट साना किसान कृषि सहकारी संस्था, भानु-११ | साग उत्पादन औजार उपकरणमा साझेदारी कार्यक्रम(पकेट निर्माण) | |
| ६. | श्री रतनपुर वाघेडाँडा बहुउद्देश्यीय सहकारी संस्था लि., भानु-१२ | निवुवा उत्पादन सामाग्री साझेदारी कार्यक्रम(पकेट निर्माण), | |

ख. सूचना प्रविधि अधिकृतलाई सातौं तह कायम

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम अन्तर्गत स्थानीय तहमा सूचना प्रविधि अधिकृत परिचालन सम्बन्धी कार्यविधि-२०८२ को परिच्छेद-३ दफा ६(१) बमोजिम सूचना प्रबिधि अधिकृत/सातौं तह कायम गर्ने निर्णय गरियो।

ग. भानु -३ श्री चाम्बास तामाङ् समाज साउण्ड सिस्टमको लागि रु ३० हजार उपलब्ध गराउने।

घ. भानु-१२ गणेश बहादुर अधिकारी प्यारालाईसिस औषधि उपचारका लागि रु ३० हजार उपलब्ध गराउने।

ङ. भानु १२ गणेश गुरुङ् ब्हील चेयर खरिद तथा हस्तान्तरण गर्ने ।

च. श्री हिमालय मा.वि. चाम्बास, श्री होरालो शिक्षा सदन र त्रिभुवन मा.वि.मानेचौकाको लागि विद्यालय स्तरीय FIFA Football Anfa under 14 football प्रतियोगिताका लागि रु १५ हजार का दरले खेलकूद कार्यक्रममा सहभागी भए पश्चात यातायात तथा अन्य खर्च वापद उपलब्ध गराउने।

छ. भानु नगरपालिका अन्तर्गत रहेको पुरण्डिहि नगर अस्पतालमा मिति २०८२/०८/१० देखि १२ सम्म यस न.पा. र सेभ द हटको संयुक्त आयोजनामा यस न.पा. भित्र रहेका १८ वर्ष मुनिका नागरिकहरुको मुटुको स्कृनिङ्ग कार्य संचालन गर्नका लागि अनुमानित लागत अनुसारको रकम कार्यक्रम खर्च चालु शिर्षकबाट बजेट विनियोजन गर्ने निर्णय गरियो।

ज. भानु न.पा. भित्र रहेका अपाङ्गता भएका नागरिकहरुका लागि विवरण भर्न २० थान ह्विल चेयर खरिद गर्ने निर्णय गरियो।

झ. भानु नगरपालिका कार्यालय संचालनका लागि सुविधा सम्पन्न र पर्याप्त भवनको अभाव भएको आफ्नै प्रशासनिक भवन नरहेको हुँदा कार्यालयको सेवा सहज संचालन गर्न भाडामा प्रयोग भइरहेको भवन, कार्यालयको मुख्य जिन्सीको लागि प्रयोग भएको भवन, स्वास्थ्य, कृषि, पशु तथा विषयगत शाखाहरुको जिन्सी भण्डारणका भवनका लागि प्रयोग भइरहेको भवन एवं कार्यालय प्रमुख, प्रशासन शाखा प्रमुख, आर्थिक प्रशासन प्रमुख र योजना प्रमुख लगायतका कर्मचारीहरुले कार्यालय समयका अतिरिक्त विहान/बेलुका समेत कार्यालयको काम गर्नुपर्ने भएको हुँदा आवास उपलब्ध हुने गरि घरभाडालाई निरन्तरता दिने निर्णय गरियो।



प्र.प्रमुख प्रशासकीय अधिकृत

आनन्द राज त्रिपाठी
प्रमुख

ञ. तनहुँ जिल्ला भानु नगरपालिका वडा नं.२ ठुलोबगैंचा बस्ने प्रेम बहादुर नेपालीको १२ वर्षकी छोरी करुणा नेपाली मिति २०७९/०२/१४ गते आफ्नै बुवाबाट यौन हिंसामा परेको र निजको आमा सम्पर्कमा नरहेको हुदाँ मिति २०७९/११/१८ गते चलानी ८०० को भानु नगरपालिकाको सिफारिस बमोजिम कोपिला नेपाल पोखरा कास्कीको संरक्षणमा रहदा सम्म पनि परिवारमा पुर्नस्थापना गर्न नसकेको हुँदा र हाल कोपिला नेपालको संरक्षणबाट प्रादेशिक दीर्घकालिन पुर्नस्थापना केन्द्र गण्डकी प्रदेश पोखराको संरक्षणको लागि सिफारिस गर्ने निर्णय गरियो ।

ट. स्थानीय पूर्वाधार विकास विभाग योजना, अनुगमन तथा पूर्वाधार समन्वय शाखा पुल्चोक, ललितपुरको प.सं.०८२/८२, च.नं.२२४ र मिति २०८२/०७/२४ गतेको पत्रानुसार २०७२ सालको महाभुकम्पबाट क्षति भई राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट सुचिकृत भएका तथा उक्त प्राधिकरणको समासिपछि यस विभागमा हस्तान्तरण भई आएका गुम्बाहरुमध्ये यस कार्यालय सँग सम्बन्धित गुम्बाहरुको गत विगत आ.व.हरुमा सम्बन्धित उपभोक्ता समितिहरुसँग सम्झौता भई निर्माणाधीन रहेका तपसिल बमोजिमका गुम्बाहरु चालु आ.व. २०८२/०८३ को वार्षिक विकास कार्यक्रममा उक्त विभाग मार्फत कार्यान्वयन हुने गरी बजेट व्यवस्थापन भएको र उक्त गुम्बाहरुको नियमित अनुगमन तथा मूल्याङ्कन साथैं प्रभावकारी कार्यान्वयनका लागि यस कार्यालयलाई हस्तान्तरण गर्ने भनी विभागबाट चालु आ.व.२०८२/८३ मा विनियोजन भएको बजेट सहित यस कार्यालयमा हस्तान्तरण हुने कार्यक्रमहरु यहाँबाट कार्यान्वयन गरिने भनी सहमती माग भएको हुदाँ तपसिल बमोजिमका कार्यक्रमहरुको नियमित अनुगमन तथा मूल्याङ्कन साथैं प्रभावकारी कार्यान्वयनको लागि सहमती लिन स्थानीय पूर्वाधार विकास विभाग योजंना, अनुगमन तथा पूर्वाधार समन्वय शाखा पुल्चोक, ललितपुरको पत्राचार गर्ने निर्णय गरियो ।

तपसिलः

| सि.नं. | गुम्बाको विवरण |
|---|---|
| १. | ११.१.२.२३७८ क्रमागत रहेका गुम्बाहरुको निर्माण सम्पन्न गर्ने कार्य, भानु नगरपालिका, तनहुँ (१) बौद्ध हिमाली तमु समाज गुम्बा २ |
| २. | ११.१.२.२४३६ क्रमागत रहेका गुम्बाहरुको निर्माण सम्पन्न गर्ने कार्य, चोक चिसापानी गाउँपालिका, तनहुँ (१) पेमा साम्पालिंग बौद्ध गुम्बा ५ |

ठ. भानु नगरपालिका शिक्षा ऐन २०७७ को दफा ८ को उपदफा (१) को खण्ड (ख) बमोजिम भानु नगरकार्यपालिकाका सदस्यहरु मध्येबाट श्री हरिहर उप्रेती र श्री सकिना खातुन तथा खण्ड (च) बमोजिम श्री तनहुँ मनकामना इङलिस बोर्डिङ स्कूलका प्रिन्सिपल श्री राजिव राउतलाई भानु नगर शिक्षा समिति सदस्य पदमा मनोनयन गर्ने निर्णय गरियो ।



प्रमुख प्रशासकीय अधिकृत

आनन्द राज त्रिपाठी
प्रमुख

ड. भानु नगरपालिका अन्तर्गत रहेको पुरनडिही नगर अस्पताल (आधारभूत अस्पताल) को प्रमुख मेडिकल सुपरेटेन्डेन्ट को रुपमा डा. ईच्छा थापालाई तोक्ने निर्णय गरियो ।

ढ. भानु नगरपालिका अन्तर्गत रहेको पुरनडिही नगर अस्पताल (आधारभूत अस्पताल) को प्रयोगशालामा विरामीको चाप बढी भई सेवा प्रवाहमा समस्या उत्पन्न भएकोले अस्पतालकै आम्दानीबाट तलब भत्ता भुक्तानी हुने गरी १ जना ल्याब असिष्टेन्ट दैनिक ज्यालादारीमा नियुक्ति गर्ने निर्णय गरियो ।

ण. भानु नगरपालिका वडा नं.१० स्थित स्वास्थ्य चौकीको भवन जिर्ण भई स्वास्थ्य सेवा प्रवाह प्रभावित भएको परिस्थितिलाई मध्यनजर गर्दै प्रभावकारी तथा एकिकृत सेवा सञ्चालन सुनिश्चित गर्न स्वास्थ्य सेवा अविच्छिन्न राख्न सो स्वास्थ्य चौकीलाई वडा कार्यालयमा स्थानान्तरण गर्ने साथै सेवा सुचारु गर्न थप आर्थिक दायित्व नव्यहोर्ने गरी तत्काल चोकचिसापानी स्वास्थ्य चौकीमा कार्यरत दुई जना स्वास्थ्यकर्मीहरुलाई वडा कार्यालयमा खटाउने निर्णय गरियो ।

त. भानु नगरपालिका वडा नं.१३ चन्द्रवती वजार क्षेत्रमा वस्ति विकास एवं जनसंख्या वृद्धि अधिक भएको सन्दर्भमा उक्त क्षेत्र वरपरका स्थानीय नागरिकहरुको स्वास्थ्य सेवा पहुँचलाई सुनिश्चित गर्ने उद्देश्यले सेवा केन्द्रको रुपमा स्वास्थ्य सेवा इकाई स्थापना गर्ने निर्णय गरियो ।

२०८२।०६।२८
प्र.प्रमुख प्रशासकीय अधिकृत

२०८२।०६।२८
आनन्द राज त्रिपाठी
प्रमुख